आ.व. [illegible] को [illegible] औं तथा दोस्रो निर्वाचित अध्यक्ष ज्यूको १७ औं कार्यपालिकाको बैठकको उपस्थितीहरु:

बैठक संख्या: २०७९।०८०-०१३

बैठक: वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङको गाउँ कार्यपालिकाको बैठक ।

मिति र समय: वि. स. २०८० साल जेष्ठ. ३२ गते विहीबार दिउँसोको ११ बजेदेखी सुरु ।

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री रिङजीन नामगेल गुरुङ ज्यू. ।

स्थान: गाउँ कार्यपालिकाको कार्यालय, कागवेनी, मुस्ताङ ।

**उपस्थित पदाधिकारीहरु**

| क स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रिङजीन नामगेल गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>अध्यक्ष | [हस्ताक्षर] | |
| २ | श्री ढिकी गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>उपाध्यक्ष | [हस्ताक्षर] | |
| ३ | श्री होम बहादुर थापा मगर | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>प्रमुख प्रशासकिय अधिकृत | [हस्ताक्षर] | |
| ४ | श्री प्रमेश गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>वडा न १ वडाअध्यक्ष एंव सदस्य | [हस्ताक्षर] | |
| ५ | श्री न्होरु गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>वडा न २ वडाअध्यक्ष एंव सदस्य | — | |
| ६ | श्री विनोद गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>वडा न ३ वडाअध्यक्ष एंव सदस्य | — | |
| ७ | श्री कर्म घ्यचो गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>वडा न ४ वडाअध्यक्ष एंव सदस्य | [हस्ताक्षर] | |
| ८ | श्री सुरेन्द्र गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>वडा न ५ वडाअध्यक्ष एंव सदस्य | [हस्ताक्षर] | |
| ९ | श्री मन कुमारी कामी | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>कार्यपालिका सदस्य | — | |
| १० | श्री ल्हाक्चोम गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>कार्यपालिका सदस्य | — | |
| ११ | श्री कुन्जाङ्मो गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>कार्यपालिका सदस्य | [हस्ताक्षर] | |
| १२ | श्री मुनु दमाई | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>कार्यपालिका सदस्य | [हस्ताक्षर] | |
| १३ | श्री ल्हम्छे गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>कार्यपालिका सदस्य | [हस्ताक्षर] | |

**सहयोगी राष्ट्रसेवक कर्मचारीहरु**

| क्र.सं. | नाम थर | कार्यालय / पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १४ | श्री जनार्दन आचार्य | वरिष्ठ कविराज निरीक्षक सातौं, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | [हस्ताक्षर] | |
| १५ | श्री अमृत प्रसाद रेग्मी | लेखा अधिकृत, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | [हस्ताक्षर] | |
| १८ | श्री प्रेम प्रसाद भट्टराई | सूचना अधिकारी, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | [हस्ताक्षर] | |
| १९ | श्री देवेन्द्र बहादुर थापा | प्रशासन शाखा प्रमुख, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | [हस्ताक्षर] | |
| २० | श्री मनोज शर्मा | क.अ., वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | [हस्ताक्षर] | |
| २१ | श्री रोशनी नेपाली | का.स. वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | [हस्ताक्षर] | |
| २२ | श्री सौरभ गौतम | [illegible] | [हस्ताक्षर] | |

रिङजीन नामगेल गुरुङ
अध्यक्ष

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

[illegible] कार्यालय, कागवेनी, मुस्ताङ, गण्डकी प्रदेश, नेपाल

आ.व. २०७९।८० को १३औँ तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १७ औं कार्यपालिकाका बैठकका निर्णयहरु

**प्रस्तावहरु:-**

मितिः २०८० जेष्ठ ३२ गते बिहिबारका दिन बसेको कार्यपालिकाको १३ औं बैठक।
बैठक संख्याः २०७९।०८०-०१३
समयः दिउँसोको ११:०० बजे

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बस्ने वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको बैठकमा प्रस्तावित छलफलका विषयहरुः**

२०७९।०८०-०१३।०१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
२०७९।०८०-०१३।०२ गाउँ कार्यपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा ।
२०७९।०८०-०१३।०३ राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा ।
२०७९।०८०-०१३।०४ गाउँपालिका अन्तर्गत सञ्चालित योजना तथा कार्यक्रम फरफारक सम्बन्धमा।
२०७९।०८०-०१३।०५ मिनि टिलर खरिद प्रक्रिया सम्बन्धमा।
२०७९।०८०-०१३।०६ नव निर्मित झोङ स्वास्थ्य चौकीको उद्घाटन कार्यक्रममा भएको खर्च सम्बन्धमा।
२०७९।०८०-०१३।०७ मुक्तिनाथको धर्मशाला सम्बन्धमा।
२०७९।०८०-०१३।०८ High Altitude Centre, Muktinath मा कार्यरत कर्मचारीको प्रोत्साहन भत्ता सम्बन्धमा।
२०७९।०८०-०१३।०९ हाते टयाक्टर खरिद सम्बन्धी प्राविधिक मुल्याङकनको खर्च सम्बन्धमा।
२०७९।०८०-०१३।१० " कर्मचारी कल्याण कोष संचालन कार्यविधी, २०८०" सम्बन्धमा।
विविध सम्बन्धमा।
२०७९।०८०-०१३।११ जैविक तथा वानस्पातीक विषादी खरिद सम्बन्धमा।
२०७९।०८०-०१३।१२ विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**निर्णय नं ।२०७९।०८०-०१३।०१**

प्रस्ताव नं २०७९।०८०-०१३।०१ को प्रस्ताव माथी छलफल गर्दा मिति २०८०।०२।०३ गते बसेको अघिल्लो कार्यपालिकाको बैठकको समीक्षा गरियो ।

**निर्णय नं. २०७९।०८०-०१३।०२**

प्रस्ताव नं. २०७९।०८०-०१३।०२ को प्रस्ताव माथी छलफल गर्दा यस वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाले सम्पादन गरेका कार्य वा निर्णय सार्वजनिक जानकारीमा ल्याउन वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १७(१) वमोजिम यस गाउँ कार्यपालिकाका सदस्य, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, वडा नं. १, का वडा अध्यक्ष श्री प्रमेश गुरुङ ज्यू लाई गाउँ कार्यपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो ।



CamScanner

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नं ७९।०८०-०१३।०३</u>

प्रस्ताव नं २०७९।०८०-०१३।०३ को प्रस्ताव माथी छलफल गर्दा मिति २०८०।०२।२० गते बसेको राजश्व परामर्श समितिले पेश गरेको प्रतिवेदन अनुसार आगामी आ.व. २०८०।८१ का लागी राजश्वको दर र दायरामा गरिएको हेरफेर अनुसार कार्यन्वयन गर्नका लागी आवश्यक कारवाही गर्ने निर्णय गरियो।

<u>निर्णय नं ७९।०८०-०१३।०४</u>

प्रस्ताव नं ७९।०८०-०१३।०४ को प्रस्ताव माथी छलफल गर्दा गाउँपालिका अन्तर्गत सञ्चालित योजना तथा कार्यक्रम योजना फरफारक गाउँ कार्यपालिकाको कार्यालयले मिति २०८०।०२।२६ गते *<u>गाउँपालिका अन्तर्गत सञ्चालित योजना तथा कार्यक्रम फरफारक गर्ने गराउने सम्बन्धी सूचना</u>* मा तोकिएको समय सिमा भित्र गर्ने तथा गराउनका लागी सम्वन्धित पक्षलाई पुनः ताकेता गर्ने अन्यथा कार्यप्रगतिको आधारमा मात्र भुक्तानी गर्न/ गराउनका लागी आवश्यक कारवाही गर्ने निर्णय गरियो।

<u>निर्णय नं ७९।०८०-०१३।०५</u>

प्रस्ताव नं. ७९।०८०-०१३।०५ को प्रस्ताव माथी छलफल गर्दा मिति २०७९।०९।१३ गते यस गाउँ कार्यपालिकाको आन्तरिक श्रोत (लाभग्राहीको ~~२०~~ ४० (चालिस) प्रतिशत लागत सहभागिता) बाट किसानहरुलाई हाते टयाक्टर खरिद गर्ने सम्बन्धी ठेक्का नं. ०१/VMRM/GOODS/AG/2079/80 अन्तर्गत ७ वटा आवेदन दिएका वोलपत्र दाताहरु मध्य हाते टयाक्टर मुल्याङ्कन समितिले खरिद मुल्याङ्कन समितिमा मिति २०७९।११।२१ गते पेश गरेको प्राविधिक मुल्याङकन प्रतिवेदन (सा.ख.नि., नियम ६२) अनुसार २ वटा वोलपत्र दाताहरुः DNB Trade Pvt. Ltd. , Pokhara र Dhaulagiri Machinery Tools Suppliers Pvt. Ltd. , Baglung प्राविधिक स्पेसिफिकेसनमा योग्य ठहरिएकोमा पहिलोले ४१,७०,०००(एक्चालिस लाख सत्तरी हजार रुपैयाँ मात्र) रुपैयाँ कवोल गरेको र दोस्रोले ४७,५१,५००(सर्चालिस लाख एकाउन्न हजार पाँच सय रुपैयाँ मात्र) कवोल गरेकोमा DNB Trade Pvt. Ltd. को मुख्य आपुर्तिकर्ता आधुनिक कृषि किसान संसार प्रा.लि. भरतपुरलाई विशेष अदालत, काठमाण्डौंमा आरोपपत्र दायर भई मुद्दा विचाराधिन रहेको हुनाले खरिद प्रक्रियाका लागी आवश्यक कारवाही गर्ने वा नगर्ने भन्ने वारेमा सम्वन्धित ऐन तथा नियमावली अनुसार योग्य आवेदकको छनौट (सा.ख.नि. २०६४, नियम ३५) साथै सार्वजनिक खरिद अनुगमन कार्यालयवाट कालोसूचीमा नरहेका फर्महरु बाट खरिद गर्न सक्ने प्रावधान अनुसार DNB Trade Pvt. Ltd. , Pokhara सँग खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ७९।०८०-०१३।०६**

प्रस्ताव नं. ७९।०८०-०१३।०६ को प्रस्ताव माथी छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गा.पा. वडा नं. २ स्थित नव निर्मित झोङ स्वास्थ्य चौकी उद्घाटन कार्यक्रमका लागी वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कार्यपालिकाको मिति २०७९।०४।२४ को निर्णयानुसार रु ७५,०००/- (अक्षरेपी पचहत्तर हजार रुपैयाँ मात्र) विनियोजन गरिएकोमा उक्त कार्यक्रममा रु ८०,५२०/- (अक्षरेपी असि हजार पाँच सय विस रुपैयाँ मात्र) रकम खर्च भएको भनी झोङ स्वास्थ्य चौकीबाट सोही अनुसारको रकम भुक्तानीका लागी निवेदन समेत प्राप्त भएकोमा आ.व. २०७९।८० मा विनियोजित वजेट भन्दा रु ५,५२०/- (पाँच हजार पाँच सय बीस रुपैयाँ मात्र) बढि खर्च गरिएको देखिएकोमा उक्त कार्यक्रमका लागी कार्यपालिकाको मिति २०७९।०४।२४ को निर्णयानुसार विनियोजित भन्दा बढि हुन आउने रकम भुक्तानी गर्न नसकिने निर्णय गरियो।

**निर्णय नं ७९।०८०-०१३।०७**

प्रस्ताव नं. ७९।०८०-०१३।०७ को प्रस्ताव माथी छलफल गर्दा मुक्तिनाथ स्थित भारतीय दुतावासबाट निर्मित धर्मशाला यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको मातहतमा सञ्चालन तथा संरक्षणको जिम्मेवारी गाउँपालिकाले लिनका लागी आवश्यक कारवाही अगाडी बढाउने र सो को जानकारी जिल्ला प्रशासन कार्यालय, जोमसोम, मुस्ताङलाई दिने निर्णय गरियो।

**निर्णय नं.७९।०८०-०१३।०८**

प्रस्ताव नं. ७९।०८०-०१३।०८ को प्रस्ताव माथी छलफल गर्दा Muktinath High Altitude Centre मा कार्यरत मुस्ताङ जिल्ला अस्पतालका कर्मचारीलाई प्रोत्साहन स्वरुप दिइने खर्च, वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको कार्यालय " *जिल्ला अस्पतालमा कार्यरत फार्मेसी सहायकको तलव*" खर्च शिर्शक (२११११) वाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं ७९।०८०-०१३।०९**

प्रस्ताव नं. ७९।०८०-०१३।०९ को प्रस्ताव माथी छलफल गर्दा हाते टयाक्टर खरिद सम्बन्धी खरिद प्रक्रिया अन्तर्गतको प्राविधिक मुल्याङ्कनका लागी नियुक्त गरिएका ईन्डष्ट्रियल ई. श्री विशाल ढुङ्गाना(NEC Regd No 411 Category 'A' issued 20 May 2019) लाई उल्लेखित मूल्याङ्कन प्रयोजनका लागी मिति २०७९।११।०४ देखी मिति २०७९।११।१२ सम्म जम्मा ९ दिन फिल्डमा खटाए वापत नेपाल सरकार, अधिकृत छैटौं तहले पाउने बराबरको दैनिक/भ्रमण भत्ता भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं ७९।०८०-०१३।१०**

प्रस्ताव नं. ७९।०८०-०१३।१० को प्रस्ताव माथी छलफल गर्दा "कर्मचारी कल्याण कोष संचालन कार्यविधी, २०८०" स्वीकृत गर्ने निर्णय गरियो।

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नं ७९।०८०-०१३।११</u>

प्रस्ताव नं. ७९।०८०-०१३।११ को प्रस्ताव माथी छलफल गर्दा रातो कितावको सि.नं. १६० अन्तर्गत *<u>जैविक तथा वानस्पातीक विषादी खरिद(माहामारी रोग तथा किरा नियन्त्रण) कार्यक्रम</u>*का लागी २२७११- संघीय सरकार, राजश्व बाँडफाँडबाट खर्च लेख्ने गरी शत प्रतिशत अनुदान दिने निर्णय गरियो।

<u>निर्णय नं ७९।०८०-०१३।१२</u>

प्रस्ताव नं. ७९।०८०-०१३।१२ को प्रस्ताव माथी छलफल गर्दा कार्यपालिकाको १३ औं बैठक माथी उल्लेखित निर्णयका साथ यस आ.व. को कार्यपालिकाको १४ औं बैठकको लागी मिति, समय, र स्थान अध्यक्ष ज्यूको निर्देशानुसार पछि निर्धारण गर्ने गरि आजको कार्यपालिकाको बैठक सौहार्दपुर्ण वातावरणमा समापन गरियो।

*ईति सम्वत २०८० साल जेष्ठ ३२ गते रोज ५ शुभम्।*

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०७९।८० को १४ औं तथा दोस्रो निर्वाचित अध्यक्ष ज्यूको १८ औं कार्यपालिकाका बैठकको प्रस्तावित कार्यसूचीहरु:

बैठक संख्या: २०७९।०८०-०१४

मिति: २०८०।०३।०७ गते बिहिबार।

समय: विहानको ११:०० बजे

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बस्ने वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको बैठकमा प्रस्तावित छलफलका विषयहरु:**

७९।०८०-०१४।०१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२०७९।०८०-०१४।०२ वडा नं. ५ को वडा कार्यालय भवन निर्माणको भेरिएसन आदेश सम्बन्धमा।

२०७९।०८०-०१४।०३ कागवेनी ढल निर्माण योजनाको अन्तिम भुक्तानी सम्बन्धमा।

२०७९।०८०-०१४।०४ घाताङथाङ्गा सिंचाई योजनाको भेरियसन आदेश(VO) सम्बन्धमा।

२०७९।०८०-०१४।०५ हाते ट्रयाक्टर खरिद प्रक्रिया अन्तर्गत मालसामानको निरीक्षण निरीक्षण प्रयोजनार्थ प्राविधिक सहयोगको खर्च सम्बन्धमा।

२०७९।०८०-०१४।०६ दलित स्तरोन्नती कार्यक्रम वडा नं. ३ खर्च लेखाङ्कन सम्बन्धमा।

२०७९।०८०-०१४।०७ साङ्ता सोलार मिनिग्रिड पावर हाउस निर्माण योजनाको खर्च लेखाङ्कन सम्बन्धमा।

२०७९।०८०-०१४।०८ जननर्मल मा.वि. छुसाङको छात्रावास भवन निर्माण योजनाको भेरियसन आदेश सम्बन्धमा।

२०७९।०८०-०१४।०९ सौर्य वत्ति खरिद गरी वितरण गर्ने सम्बन्धमा।

२०७९।०८०-०१४।१० विभिन्न योजनाहरुको डि.पि.आर., प्रथम आवधिक योजना र आई.ई.ई प्रतिवेदन स्वीकृत सम्बन्धमा।

२०७९।०८०-०१४।११ विविध सम्बन्धमा।

आ.व. २०७९।८० को १४ औं तथा दोस्रो निर्वाचित अध्यक्ष ज्यूको १८ औं कार्यपालिकाका बैठकको प्रस्तावित कार्यसूचीहरु:

बैठक संख्या: २०७९।०८०-०१४

मिति: २०८०।०३।०७ गते बिहिबार।

समय: विहानको ११:०० बजे

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बस्ने वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको बैठकमा प्रस्तावित छलफलका विषयहरु:**

७९।०८०-०१४।०१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२०७९।०८०-०१४।०२ वडा नं. ५ को वडा कार्यालय भवन निर्माणको भेरिएसन आदेश सम्बन्धमा।

२०७९।०८०-०१४।०३ कागवेनी ढल निर्माण योजनाको अन्तिम भुक्तानी सम्बन्धमा।

२०७९।०८०-०१४।०४ घाताङथाङ्गा सिंचाई योजनाको भेरियसन आदेश(VO) सम्बन्धमा।

२०७९।०८०-०१४।०५ हाते ट्रयाक्टर खरिद प्रक्रिया अन्तर्गत मालसामानको निरीक्षण निरीक्षण प्रयोजनार्थ प्राविधिक सहयोगको खर्च सम्बन्धमा।

२०७९।०८०-०१४।०६ दलित स्तरोन्नती कार्यक्रम वडा नं. ३ खर्च लेखाङ्कन सम्बन्धमा।

२०७९।०८०-०१४।०७ साङ्ता सोलार मिनिग्रिड पावर हाउस निर्माण योजनाको खर्च लेखाङ्कन सम्बन्धमा।

२०७९।०८०-०१४।०८ जननर्मल मा.वि. छुसाङको छात्रावास भवन निर्माण योजनाको भेरियसन आदेश सम्बन्धमा।

२०७९।०८०-०१४।०९ सौर्य वत्ति खरिद गरी वितरण गर्ने सम्बन्धमा।

२०७९।०८०-०१४।१० विभिन्न योजनाहरुको डि.पि.आर., प्रथम आवधिक योजना र आई.ई.ई प्रतिवेदन स्वीकृत सम्बन्धमा।

२०७९।०८०-०१४।११ विविध सम्बन्धमा।

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत